मिति : २०८१ माघ १८ गते ।

श्री सचिव ज्यू
राष्ट्रिय सभा

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७९ को उपनियम (१) बमोजिम देहायको संकल्प प्रस्ताव पेश गर्न अनुमतिकालागि सूचना दिएको छु ।

संकल्प प्रस्तावको विषय : मर्यादित महिनावारीकालागि महिनावारी विभेदको अन्त्य गर्न आवश्यक नीति निमार्ण तथा भएका नीतिमा समय सापेक्ष र आवश्यकतानुसार परिमार्जन गर्ने बारे ।

संकल्प प्रस्तावको व्यहोरा :

हाम्रो संविधानको प्रस्तावनामा लैंगिक विभेद लगायत सबै किसिमका विभेद र उत्पीडनको अन्त्य गर्ने, सामाजिक न्याय, मौलिक अधिकार र मानव अधिकारको अवधारणामा प्रतिवद्ध रहने संकल्प गरिएको छ ।

संविधानको भाग ३ को मौलिक हक र कर्तव्य अन्तर्गत धारा १६ (१) ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ (२) ले समानताको हक, धारा २४ (१) ले छुवाछुत तथा भेदभाव विरुद्धको हक, धारा २९ (२) ले शोषण विरुद्धको हक, धारा ३० (१) ले स्वच्छ वातावरणको हक, धारा ३५ (४) ले स्वास्थ्य सम्वन्धी हक, धारा ३६ ले खाद्य सम्वन्धी हक, धारा ३७ ले आवासको हक, धारा ३८ ले महिलाको हक र धारा ३९ ले वालवालिकाको हक प्रत्याभूत गरेको छ । तथापि यी मौलिक हकहरु पूर्णतः उपभोग गर्न पाउने कानून बनेका छैनन । बनेका कानून पनि सम्पूर्ण छैनन । संविधानले यति धेरै अधिकार प्रदान गरे पनि नेपालका सबै क्षेत्र, जाति, धर्म र समुदायमा मासिक रुपमा शरीरबाट रक्तस्राव हुने प्रक्रियाबाट गुज्रिने अर्थात् महिनावारी हुने वालिका, महिला र व्यक्तिहरु महिनावारी भएका वेला घर, परिवार र समाजबाट हुने विभेदबाट पीडित छन । यस्तो विभेद लैंगिक हिंसा हो । महिनावारी भएका वेला वालिका, महिला र व्यक्तिहरुले भोग्नु परेको सामाजिक वहिष्करण, हिंसा, विभेद र विभेदका कारण हुने शारीरिक र मानसिक पीडा र असुरक्षाले व्यक्तित्वको समग्र विकास अवरुद्ध हुने गरेको छ ।

नेपालको जनसंख्याको करीव एकाउन्न प्रतिशत महिनावारी हुने व्यक्तिहरु छन् । त्यो मध्ये महिलाहरुको संख्या धेरै रहेको छ । जसमध्य धेरै संख्यामा महिनावारी हुनेहरु हुनुहुन्छ । त्यसका अतिरिक्त यौनिक अल्पसंख्यक समुदायमा महिनावारी हुने व्यक्तिहरु पनि हुनुहुन्छ । सृष्टीकालागि प्रजनन र प्रजननकालागि महिनावारी हुनु अनिवार्य हो । महिनावारीको अपरिहार्यता र महत्वलाई स्वीकार र सम्मान गर्नुको साटो महिनावारीको अवस्थालाई हेयको दृष्टिकोणले हेरिनु, शारीरिक कमजोरी र अशुद्धताको रुपमा लिनु, छोइछिटो र अलगै वसाउनु तथा स्रोत साधनवाट वंचित गराउनु उनीहरुलाई मानवको रुपमा स्वीकार नगर्नु हो । र, यसैका आधारमा उपरोक्त उल्लेखित मानव अधिकार र मौलिक अधिकारको हनन गर्नु असमान शक्ति सम्बन्ध र पितृसत्ता कायम राख्नु हो । महिनावारी विभेद लैंगिक हिंसा हो । मानव अधिकारको हनन हो । मौलिक हकहरुको प्रत्याभूति गर्न नसक्नु राज्यको असफलता हो ।

महिनावारीका वेला गरिने असमान तथा असम्मानपूर्ण गरिने व्यवहार र विभेदलाई परम्परागत हानिकारक अभ्यासमा गोलमोटल राखेर व्याख्या गरिनु महिनावारी विभेदलाई थप वढावा दिनु हो । कुनै पनि प्रकारको विभेदले सामिाजिक मान्यता पाउनु र राज्य टुलुटुलु हेरेर वस्नु दःखद हो । वहुमत संख्यालाई गरिने अन्यायपूर्ण विभेद सभ्य, सुसंस्कृत र न्यायपूर्ण समाज र राज्य निमार्णमा ठूलो अवरोध र चुनौती हो ।

तसर्थ महिनावारी हुने व्यक्तिहरुलाई मानवको रुपमा स्वीकार गर्न, उनीहरुको को मानव अधिकारको रक्षा तथा सम्पूर्ण व्यक्तित्व विकासकालागि उपरोक्त मौलिक हकहरु उपभोग गर्न आवश्यक नीति, (नीति, नियमावली, निर्देशिका र कार्यक्रम) वनाउन र भएका कानूनमा समय सापेक्ष र आवश्यक परिमार्जन गर्न आवश्यक रहेको छ ।

संकल्प प्रस्ताव प्रस्तुत गर्नु पर्नाको कारण :

१.महिनावारी विभेदलाई विभेदका रुपमा स्वीकार नगरिएको

२.महिनावारीको अवस्थामा मानवअधिकार र मौलिक हक उपभोगबाट वंचित गरिएको

३.पश्चिम नेपालमा देखिने महिनावारी विभेद (छाउपडी) लाईसँगै समग्र महिनावारी विभेदलाई हानिकारक परम्परागत अभ्यासमा मात्र राख्दा महिनावारी विभेदको प्रणालीगत वहिष्करण, निषेध र पितृसत्तात्मक संरचना कायमै रहेको,

४.महिनावारीका वारेमा खुलेर कुरा नगरिनु, विद्यालयमा महिनावारी हुनु अगावै यसका वारेमा नपढाइनु र महिनावारीलाई लुकाउने र लाजको विषय वनाइनुले मौनताले प्रश्रय पाएको ।

५.महिनावारी विभेदका कारण महिनावारी हुनेहरु यौनिक, शारीरिक र मनोवैज्ञानिक शोषणमा पर्नु ।

६.महिनावारी विभेदका कारण महिनावारी हुनेहरु स्रोत, साधन र सेवावाट वंचिछ हुनु परेको

७.महिनावारी विभेदले तनाव र द्वन्द सृजना हुने गरेको

८.महिनावारी विभेदका कारण महिनावारी व्यवस्थापनमा समस्या रहेको

९.महिनावारी विभेदका कारण मनोवल कमजोर हुने गरेको । मानसिक स्वास्थ्यमा असर परेको

१०.वाल अधिकार हनन भएको

११.वलात्कार, हत्या, चिसोले कठ्यांगरिएर, निस्सासिएर धेरै रक्त स्राव भएर जीवन गुमाउनु परेको

१२.महिनावारी विभेद सवै क्षेत्र, समुदाय, जाति र धर्ममा रहेको तर सवैलाई सम्वोधन हुने गरी नीति नवनेको

१३. नेपाल सवैखालका लैंगिक हिसा अन्त्यका लागि संयुक्त राष्ट्रसंघीय पक्ष राष्ट्र भएपनि त्यस अनुसार अगाडी वढ्न नसकेको

संकल्प :

१. भाष्य परिवर्तन गर्ने :

क) नेपालमा १२५ भन्दा वढी भाषा भाषिका छन । महिनावारीलाई प्रत्येक भाषामा वोलिने शव्द नीतिमा राख्न सकिदैन । जुन शव्दले कुप्रथाको झल्को दिन्छ वा खास समुदाय वा क्षेत्रले अपहेलनाको रुपमा लिन्छ त्यस्ता शब्दहरुलाई स्थान दिनु हुदैन । तसर्थ महिनावारीको स्थितिलाई वुझने समझाउने साझा शब्द स्वीकार गर्ने र त्यस शव्दलाई प्रयागे गर्नु पर्छ । त्यो शव्द महिनावारी हुन सक्छ र हुनु पर्छ ।

ख) मानव शरीरको रगत अशुद्ध हुदैन तसर्थ महिनावारीको रगत पनि शुद्ध हुन्छ ।

२. महिनावारीलाई मर्यादित वनाउने ।

३. महिलाको उपस्थिति सवै ठाँउमा हुने हुदा सम्वद्ध सवै नीतिमा मर्यादित महिनावारी समावेश गर्ने ।

४. वालिका, महिला, यौनिक अल्पसख्यक र अपाङ्गता भएका सम्वन्धित सवैलाई सम्वोधन हुने मर्यादित महिनावारी कालागि रणनीति बनाउने ।

५. महिलानावारी विभेदलाई सम्वोधन नगरेका थुप्रै ऐनहरु छन । यी ऐनहरुलाई परिमार्जन गर्ने र मर्यादित महिनावारीकालागि थप नीति र कानून निमार्ण गर्ने ।

६. लैगिक समानता र सामाजिक समावेशीकरण नीतिमा परिमार्जन गर्ने ।

७. मन्त्रालयमा मस्यौदामा थन्किएको राष्ट्रिय मर्यादित महिनावारी नीति २०७४ लाई टुंगोमा पुरयाउने । २०७४ मा आएको महिनावारी कानुनलाई पूर्णता दिने ।

८. छाउपडी उन्मूलन निर्देशिका २०६४ लाई विस्थापित गर्दै यसको स्थानमा वि.सं २०७६ मा वनाइएको निर्देशिकालाई पूर्णता दिने र टुंगोमा पुरयाउने ।

९. महिनावारी अवस्थालाई मर्यादित बनाउन प्रतिवर्ष राज्यले बनाउने बजेटका सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रममा मर्यादित महिनावारी शीर्षक राखिनु पर्ने ।

सम्बन्धित मन्त्रालय : महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

समर्थक :

हस्ताक्षर :
नाम, थर : मा. सुमित्रा वि.सी.
सदस्य क्रम संख्या :

हस्ताक्षर :
नाम, थर : मा. विष्णु कुमारी सापकोटा
सदस्य क्रम संख्या :

हस्ताक्षर :
नाम, थर : मा. गंगा बेल्वासे
सदस्य क्रम संख्या :

हस्ताक्षर :
नाम, थर : मा. पूजा चौधरी
सदस्य क्रम संख्या :

हस्ताक्षर :
नाम, थर : मा. डा. अन्जान शाक्य
सदस्य क्रम संख्या :

प्रस्तावक :

हस्ताक्षर :
नाम, थर : मदन कुमारी शाह (गरिमा)
सदस्य क्रम संख्या :